# संघीय संसद
# प्रतिनिधि सभा
## अर्थ समिति

संघीय संसद नेपाल प्रतिनिधि सभा अर्थ समिति २०७५

मिति: २०८१/०६/०२
बैठक संख्या: ३९
समय: बिहान ११:०० बजे।

अर्थ समितिको आज बसेको बैठकमा माननीय सदस्यहरु बीच समितिको आगामी काम कारवाही कसरी अगाडि बढाउने सन्दर्भमा आन्तरिक छलफल भई समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने भन्सार कार्यालयहरुको अनुगमन अनिवार्य गर्नु पर्ने भनी उपस्थित सम्पूर्ण माननीय सदस्यहरुको छलफल भई देहाय बमोजिमको निर्णय भयो :-

१. मिति २०८१/०६/११ गते त्रिभुवन अन्तराष्ट्रिय भन्सार कार्यालयको स्थलगत अनुगमनका साथै सो भन्सार कार्यालय र सरोकारवालासँग अन्तर्क्रिया कार्यक्रम गर्ने ।

२. मिति २०८१ असोज १३ गते देखि १५ गते सम्म नेपालको पूर्व र पश्चिमको दक्षिणतर्फका भन्सार कार्यलयहरुको अनुगमनका लागि टोली बनाई स्थलगत निरिक्षण अनुगमन गर्ने ।

३. अनुगमन भ्रमणको उद्देश्य देहाय बमोजिम रहने छ ।

- मुख्य भन्सार कार्यालय र छोटी भन्सार कार्यालयको वर्तमान वस्तुस्थितिको अध्ययन,
- मुख्य भन्सार कार्यालय र छोटी भन्सार कार्यालयले कार्यसम्पादन गर्दा व्यहोर्नु परेका नीतिगत र व्यवहारिक समस्या र समाधानका सम्भावित उपायहरूको पहिचान,
- भन्सार कार्यालयका सेवाग्राहीहरुले व्यहोरेका समस्या र समाधानका उपाय सम्बन्धमा सरोकारवालासँग छलफल।

४. टोलीमा रहनु हुने माननीय सदस्यहरु देहाय बमोजिम हुने र सचिवालयबाट पनि दुई दुई जना कर्मचारी सहभागी हुने । सो टोलीले पूर्वमा रहेका विराटनगर (रानी) भन्सार कार्यालय, मोरङ,

जटही र कठाल छोटी भन्सार कार्यालय, जनकपुर, धनुषा, वीरगञ्ज भन्सार कार्यालय पर्सा र वीरगञ्ज सुख्खा बन्दरगाह पर्सा र पश्चिममा रहेका महेन्द्रनगर भन्सार कार्यालय, कञ्चनपुर, धनगढी भन्सार कार्यालय, कैलाली र नेपालगञ्ज भन्सार कार्यालय, बाँकेमा स्थलगत अनुगमनका साथै सो भन्सार कार्यालय र सरोकारवालासँग अन्तर्क्रिया कार्यक्रम गर्ने ।

| पूर्व टोली | पश्चिम टोली |
|---|---|
| माननीय सदस्यहरू | माननीय सदस्यहरू |
| मा. नारायणी शर्मा *(टोली संयोजक)* | मा. ज्ञान बहादुर शाही *(टोली संयोजक)* |
| मा. सन्तोष चालिसे *(समिति सभापति)* | मा. अञ्जनी श्रेष्ठ |
| मा. अम्मर बहादुर रायमाझी | मा. गंगा कार्की |
| मा. उपेन्द्र यादव | मा. छिरङ डम्डुल लामा (भोटे) |
| मा. जुली कुमारी महतो (महासेठ) | मा. श्री रण कुमारी बलम्पाकी मगर |
| मा. पदम गिरी | मा. श्री सूर्य बहादुर थापा क्षेत्री |
| मा. भगवती चौधरी | |
| मा. मुक्ता कुमारी यादव | |
| मा. मेटमणि चौधरी | |

५. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने।

..............................
रेखा उपाध्याय खनाल
समित सचिव

..............................
सन्तोष चालिसे
सभापति